# प्राक्कथन

सार्वजनिक खरीद प्रकियालाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्दुतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनीयता हासिल गर्ने उद्देश्यका साथ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमवाली, २०६४ जारी भएका छन । ऐन तथा नियमावली विभिन्न मुलुक र दातृ निकायहरुले खरिदको क्षेत्रमा हासिल गरेका अनुभव र असल अभ्यासहरु समेतका सिद्दान्तहरु स्वीकार गरी संयुक्त राष्ट्र संघको अन्तरराष्ट्रीय ब्यापार कानून आयोग (UNCITRAL) को नमूना ढाँचामा छ।

ऐन तथा नियमावलीको सफल कार्यान्वयनबाट सुशासनको प्रत्याभूति दिने सर्वोपरी उद्देश्य प्राप्तीका लागि ऐनले परिकल्पना गरेको सार्वजनिक खरिदमा विद्दुत सञ्चारको प्रयोग गर्न  अनलाईन विद्दुतीय खरिद प्रणालीको विकासक्रममा हाल विद्दयमान रहेका विभिन्न पोर्टलहरु बिस्थापन गरी एकल पोर्टलको स्थापना, सञ्चालन र ब्यबस्थापन गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले  www. Bolpatra.gov.np/egp नामक सफ्टवेयर विकास गरेको छ ।

सार्वजनिक खरिद ऐनको दफा ६९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ को कार्यान्वयनका लागि यो विद्दुतीय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ सोही ऐनको दफा ६५ (१) (ख) ले सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिएको यो ऐन कार्यान्वयनको लागि आबश्यक पर्ने प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्ने अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

प्रस्तुत निर्देशिकाले विद्दुतीय पोर्टल सञ्चालनमा सार्वजनिक निकायहरु, बोलपत्रदाता, आपूर्तिकर्ता र प्रस्तावदाताहरु र सरोकार निकायहरुलाई प्रणाली सञ्चालनमा सहयोग पुर्याउनेछ र प्रकृयागत त्रुटीमा सुधार गर्न र समयमै निर्णय लिन सघाउ पुर्याउने विश्वास लिईएको छ ।

रमेश कुमार शर्मा

सचिव

सार्वजनिक खरिद अनुगमन कार्यालय